प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल

पत्र सख्या : ०७५ ७६

चलानी नं.:

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. ५ बुटवल, नेपाल

मिति : २०७६ ०२ २७

**प्रदेश स्तरमा युवा प्रतिभा प्रोत्साहनका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७६/०२/२७**

प्रस्तुत विषयमा यस मन्त्रालयको आर्थिक वर्ष २०७५।७६ को स्वीकृत वार्षिक कार्यकम अन्तर्गत प्रदेश स्तरमा युवा प्रतिभाको खोजी तथा प्रोत्साहन कार्यकमबाट युवा प्रतिभा प्रोत्साहनका लागि यस प्रदेशको स्थायी वासिन्दा वा अन्य प्रदेशवाट यस प्रदेशमा कार्य क्षेत्र भई बसोवास गरेका युवाले प्रदेश स्तरमा युवा प्रतिभाको खोजी तथा प्रोत्साहन निर्देशिका २०७५ को दफा ३ मा उल्लेखित निम्नानुसारका क्षेत्रहरुमा महत्वपुर्ण योगदान पुऱ्याउने युवा तथा युवा समूहबाट सूचना प्रकाशन भएको मितिबाट १५ दिन भित्र यस मन्त्रालयको युवा तथा खेलकूद महाशाखामा वा मन्त्रालयको इमेल mosdfive@gmail.com मा तपशिलका कागजातहरु सहित निवेदन पेश गर्न हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>योगदानका क्षेत्रहरु :</u>**

क) विज्ञान तथा सुचना प्रविधि ( समाज, प्रदेश वा राष्ट्रलाई ठोस योगदान पुग्ने कुनै यन्त्र, उपकरणको निर्माण, सुधार, परिमार्जन, प्रयोग, प्रविधिको अन्वेषण र आविष्कार आदि कार्य )

ख) कला, संस्कृति, साहित्य सृजना, गीत र संगित, मौलिक कला साहित्य ( रचना, गायन, वाद्य वादन अदि ) र मनोरञ्जन,

ग) शिक्षा रोजगारी ( उधोग उद्यमशिलता व्यवसाय)

घ) वातावरण संरक्षण र दिगो विकास

ङ) अध्ययन, अनुसन्धान एवम् नवीनतम तथा सृजनशील कार्य,

च) स्वास्थ्य अनुसन्धान, उपचार सेवा र लागु पदार्थ तथा दुर्व्यसन नियन्त्रण,

छ) सामाजिक, सांस्कृतिक, आर्थिक रुपान्तरण कार्यमा योगदान पुर्याएको, अन्य कुनै उत्कृष्ट कार्य गरेको वा पत्ता लगाई ख्याति कमाएको,

ज) कृषि जडिवुटी वन पैदावार

उप-सचिव

प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल

पत्र सख्या : ०७५ ७६

चलानी नं.:

**तपशिल :**

१. माथि उल्लेखित क्षेत्रहरुमा गरेको योगदान आफू वा आफ्नो समूहको मौलिक सृजना हो भन्ने भरपर्दो आधार र प्रमाण पेश गर्नु पर्ने ।

२. उल्लेखित क्षेत्रमा गरेको योगदान खुल्ने प्रतिवेदन, श्रव्य दृष्य सामग्री, भिडियो डकुमेन्ट्री वा अन्य सम्बन्धित प्रमाणपत्रहरु ।

३. यदि कुनै सरकारी तथा गैर सरकारी निकायबाट आयोजित कार्यक्रमहरुमा सहभागि भई प्रतियोगितामा विजेता भएको भए सो को प्रमाणपत्रको प्रतिलिपि तथा आयोजक संस्थाको सिफारिस ।

४. कुनै संस्था सँग सम्बन्धित भई उल्लेखित क्षेत्रमा योगदान गरेको भए सम्बन्धित संस्थाको सिफारिस सहित संस्थाको आधिकारीक व्यक्तिको सम्पर्क नं खुल्ने कागजात ।

५. निवेदन दिने व्यक्ति वा समूहका सदस्यहरुको हालचालै खिचेको फोटो, नेपाली नागरीकता र उपल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको आफैले प्रमाणित गरेको प्रतिलिपीहरु ।

(सूर्य प्रसाद भुसाल)

उप-सचिव

Web: www.mosd.p5.gov.np, Email: info.mosd@p5.gov.np, mosdfive@gmail.com, Phone No. 071-550038, 550650